संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक - २२

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०० बजे*
*बैठक अन्त्य : २:२० बजे*

२०७९ असार ५, आइतबार

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **बाइसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"विशेष समय"** मा बोल्नको लागि दलीय आधारमा प्राप्त नामावली अनुसार क्रमाशः देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो:

**माननीय अनिता देवकोटा**ले प्रतिपक्षले सत्तामा हुँदा र प्रतिपक्षीमा हुँदा फरक चरित्र देखिएको आरोप लगाउनुहुँदै सत्तामा हुँदा र प्रतिपक्षमा हुँदा राष्ट्रियताका सवालमा एकै हुनु पर्ने अनुरोध गर्नुभयो । उहाँले दाङको कोइलावास नाका सञ्चालनमा ल्याउन, दाङका जीर्ण सडकहरूको मर्मत सम्भार गर्न सरकार समक्ष माग गर्नु भयो । साथै उहाँले राष्ट्रिय सभामा उत्पत्ति भएर प्रतिनिधि सभामा गएका विधेयकहरू फिर्ता नआउँदा पुग्न गएको क्षति तर्फ सभाको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय भगवती न्यौपाने**ले सरकारले प्रतिपक्षले उठाएका सवालको जवाफ माग गर्नुभयो । उहाँले माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीले दुर्व्यवहार गरेको भन्दै मन्त्री पदबाट राजिनामा दिनुपर्ने माग गर्नुभयो ।

**माननीय तारामान स्वाँर**ले State Partnership Program (SPP) को बारेमा सत्तापक्ष र प्रतिपक्ष भनेर एक अर्कालाई दोषारोपण गर्नु भन्दा पनि सबै मिलेर यसलाई अस्वीकार गरेर राष्ट्रिय हित रक्षा गर्नु सबैको कर्तव्य भएकाले एकजुट हुन अनुरोध गर्नुहुँदै Millennium Challenge Corporation (MCC) पारित गरेपछि नेपालमा अमेरिकी गतिविधि बढेको बारेमा सकरकारको ध्यानकर्षण गराउनुभयो ।

**माननीय राजेन्द्र लक्ष्मी गैरे**ले पाल्पामा सडक र पुल अभावको कारण खोलाबाटै सवारी साधन तार्नु पर्ने अवस्था रहेको बारेमा जानकारी गराउनुहुँदै यसको उचित व्यवस्थापनका लागि सरकार समक्ष माग गर्नुभयो ।

**माननीय खिमलाल देवकोटा**ले सरकारका तीन अंग व्यवस्थापिका, कार्यपालिका र व्यवस्थापिका मध्ये व्यवस्थापिका मात्र पारदर्शी हुनु पर्ने हो ? भनी प्रश्न गर्नुहुँदै सञ्चार माध्यमका आधारमा कार्यपालिकाको तुलनामा न्यायपालिका झनै अपारदर्शी भएको आरोप लागाउनुभयो । उहाँले सदनमा कागजको प्रयोगले अनावश्यक खर्च हुने भन्दै सदनका सम्पूर्ण क्रियाकलाप कागजरहित (Paperless) बनाउन माग गर्नुभयो ।

**माननीय भुवन बहादुर सुनार**ले सांसद पनि ग्रेड ग्रेडको भएको अनुभूति भएको जनाउनुहुँदै एउटा सांसदको ७-८ ओटा योजना पर्ने तर अर्को सांसदको एउटा पनि योजना नपर्ने अवस्था रहेकोमा दुःख

प्रकट गर्नुहुँदै पहुँचका आधारमा कार्यक्रम तथा योजना जाने अवस्था अन्त्य गर्न माग गर्नुभयो ।उहाँले मन्त्रीहरूले सांसदहरूलाई नटेर्ने, नसुन्ने प्रवृत्ति रहेकाले यसको अन्त्यका लागि सांसदहरू चनाखो भई खबरदारी गर्नु पर्ने बारेमा सदनको ध्यानाकर्कषण गराउनुभयो ।

**माननीय मदन कुमारी शाह (गरिमा)** ले प्रधामन्त्रीको आसन्न अमेरिका भ्रमण र त्यस कार्यक्रममा State Partnership Program (SPP) मा हस्ताक्षर गरिन लागेको सम्बन्धमा भएको चर्चाको विषयमा स्पष्ट पार्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय विना पोखरेल**ले राष्ट्रिय सुरक्षा अक्षुण्ण राख्ने विषय संविधानमा व्यवस्था रहेको भन्दै यसको उचित कार्यान्वयनमा State Partnership Program (SPP) ले चुनौती थपेको बारेमा सरकारको ध्यानार्षण गराउनुभयो।

**माननीय भैरव सुन्दर श्रेष्ठ**ले सदनमा प्रतिपक्षीले उठाएका सवालहरूप्रति सरकार गम्भिर नभएको आरोप लागाउनुहुँदै बजेट निर्माणमा अनधिकृत व्यक्तिको प्रवेशका विषयमा छानविन गर्न सरकार समक्ष माग गर्नुभयो । उहाँले माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको नैतिकताका आधारमा तत्काल राजिनामा माग गर्नुभयो ।

**माननीय युवराज शर्मा**ले जनादेशको वा परमादेशको सरकार जे भए पनि सरकारको ध्येय एउटै भएकाले यो विषयमा विवाद नगर्न अनुरोध गर्नुहुँदै वाद विवाद भन्दा संविधानवाद माथी रहेकाले आफूलाई यो वा त्यो वादी भन्नु भन्दा पनि संविधानवादी भनौं भनी अनुरोध गर्नुभयो । उहाँले गर्मी महिनामा तराईमा सर्पदंशका घटना बढ्ने हुनाले हरेक स्वस्थ्य चौकीमा सर्प दंशको उपचार हुनु पर्ने माग गर्नुहुँदै धादिङमा भन्सार छलेर ल्याइएको मल किसानद्वारा खोसिएको बारेमा सरकार बेखवर रहेकाले यसबारे सरकारको ध्यानाकर्षण गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **"विशेष समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य माननीय नारायण दत्त मिश्रलाई अध्यागमन विधेयक, २०७६, अनुगमन तथा मूल्यांकन विधेयक, २०७६, प्रतिलिपी अधिकार (पहिलो संशोधन) विधेयक, २०७६, विद्युत विधेयक, २०७७, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७, सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७, अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ र सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ सम्बन्धी विधायन व्यवस्थापन समितिका प्रतिवेदनहरू सभा समक्ष पेश गर्न समय दिनुभएपछि माननीय नारायण दत्त मिश्रले उक्त प्रतिवेदनहरू सभा समक्ष पेश गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल असार ६ गते सोमबार अपराह्न १:०० बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव